

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०५९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख २ गते शनिबार ❑ 15 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## पोखरा महानगरद्वारा कृषि एम्बुलेन्स सञ्चालन

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

पोखरा महानगरपालिकाले आजबाट पोखरामा कृषि एम्बुलेन्स सञ्चालन गरेको छ । महानगरको कृषि तथा पशुपन्छी महाशाखाले आयोजना गरेको कृषिउपज बजारस्थल बिरौटामा आयोजित विशेष कार्यक्रममा महानगर प्रमुख धनराज आचार्यले उक्त एम्बुलेन्सको शुभारम्भ गर्नुभएको हो ।




उहाँले विभिन्न वडामा उत्पादन भएका कृषि उपजलाई सुरक्षित तवरले बजार र उपभोक्तासम्म पुऱ्याउन एम्बुलेन्स सञ्चालन गरेको जानकारी दिँदै उहाँले कृषकका उत्पादनले सही समयमा बजारसम्म पहुँचको अवस्था सिर्जना हुने बताउनुभयो । कृषकलाई आत्मनिर्भर बनाउन उनीहरूद्वारा उत्पादित बजारको सरल र सहज पहुँचको आवश्यता रहेको जनाउँदै महानगरले कृषकमैत्री कार्यक्रममा जोड दिएको उहाँको भनाइ थियो ।

महानगरका कृषि तथा पशुपन्छी महाशाखा प्रमुख मनोज कडरियाले एम्बुलेन्स सञ्चालनसँगै अब उत्पादनले सही समयमै बजार पाउने र उपभोक्ता र कृषक दुवैले लाभ लिन पाउने बताउनुभयो । उहाँका अनुसार कार्यक्रममा कृषकले आफ्नो वडाको वा पायक पर्ने कृषिउपज सङ्कलन केन्द्रमा सम्पर्क गरी उक्त सेवा लिन सक्नेछन् । महानगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत हेमप्रसाद आचार्यले एम्बुलेन्सले वडाका सङ्कलन केन्द्रबाट रेफ्रिजरेटरसहितको एम्बुलेन्सले सङ्कलन गर्ने गरी फलफूल तथा तरकारी मूल्य शृङ्खला विकास आयोजना (कोइका) सँगको सहकार्यमा पोखरा महानगर पालिकाले सञ्चालन गर्ने जानकारी दिनुभयो । कार्यक्रममा पोखरा महानगरका आर्थिक प्रशासन प्रमुख बोधराज कार्की, महानगरका प्रवक्ता मोतिलाल तिमिल्सिनालगायतले कृषि एम्बुलेन्सले महानगरका कृषक र उपभोक्ता दुवै लाभान्वित हुने र तरकारी तथा फलफूललाई आयातलाई कम गर्न सघाउ पुऱ्याउने बताउनुभयो ।

## पर्यटन विकासका लागि एकिकृत सोचको आवश्यकता : मुख्यमन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

फेवा पर्यटन विकास समितिद्वारा आयोजना गरिएको खपौदी कार्निभल महोत्सवको फेवातालमा १० हजार माछाको भुरा छोडेर उद्घाटन गरिएको छ ।



गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले एक कार्यक्रमका बीच फेवातालमा माछाका भुरा छोडेर कार्यक्रमको उद्घाटन गरेका हुन् । मुख्यमन्त्री अधिकारीले फेवाताल पर्यटनको आकर्षक केन्द्र विन्दु भएकाले यसको संरक्षण र सम्बर्द्धनसँगै पोखराको पर्यटन विकासका लागि एकिकृत सोच र प्रयासको खाँचो रहेको बताए । उनले पछिल्लो समय पर्यटन व्यवसाय सोचे जस्तो चलायमान नहुँदा व्यवसायीमा निराशा आएको बताउँदै समस्या आउँदा बित्तिकै आत्तिन नहुने र पर्यटन चलायमानसँगै समस्या समाधान हुने बताए । कार्यक्रम सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाहीले प्रकृतिको वरदान पाएको पोखराको सुन्दरता जोगाएर पर्यटकीय गन्तब्यको रुपमा विकास गर्नुपर्ने धारणा राखे ।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले सुस्ताएको पर्यटन प्रवर्द्धनका लागि पछिल्लो समय निजी क्षेत्रको पहला निकै भएको तर सरकारले चासो नदिएको गुनासो गरे । उनले नीतिगत रुपमै पर्यटन मैत्री वातावरणमा सरकारले ध्यान नदिएसम्म पर्यटन विकासले गति लिन नसक्ने उनको भनाइ थियो ।

कमिटिका अध्यक्ष अर्जुन सुवेदीले गैह्राचौताराहेदेखि चंखपुर पामेसम्मको क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि आकर्षण केन्द्रविन्दु भए पनि पर्यटन प्रवर्द्धनमा ओझेल रहेका कारण महोत्सवबाट यस क्षेत्र प्रवर्द्धनमा जोड दिइएको बताए । उनले जेठो बुढो, लोकल माछाका स्वादिला परिकारसँगै जलारी समुदायको पहिचानमा लागि महोत्सव केन्द्रित रहेको उनको भनाइ थियो । कार्यक्रममा वडा नं १८ का जनप्रतिनिधि मिना नेपाली नेपाली, कमिटिका संस्थापक अध्यक्ष रामकुमारी राई, उपाध्यक्ष निरञ्जन खत्रीले, सेदी टोल विकास संस्थाका अध्यक्ष राजु थापा लगायतले फरक सोच र उद्देश्यका साथ आयोजना गरिएको खपौदी कार्निभलले समग्र पोखराको पर्यटनलाई टेवा दिने भनाइ राखेका थिए ।

चैत ३० गते शुरु भएपनि महोत्सवको बैशाख १ गते उद्घाटन गरिएको हो । महोत्सवमा जलारी समुदायको डुंगा दौड प्रतियोगिताको आयोजना गरिएको थियो । प्रतियोगितामा कृष्ण जलारीको समुह प्रथम, टेकबहादुर जलारीको समुह द्धितिय, र सञ्जय जलारीको समुह तृतीय स्थान प्राप्त गर्न सफल भएका छन् । राजु जलारीको समुहले सान्त्वना स्थान प्राप्त गरेको छ । विजेताहरुलाई नगद र प्रमाणपत्र प्रदान गरिएको थियो । महोत्सवमा स्थानीय माछा तथा कृषि उत्पादनको प्रदर्शनसहित डुंगा दौड लगायत खेलकुदका कार्यक्रम रहेको साथै त्यस क्षेत्रमा होटल, रेस्टुरेन्ट लगायत पर्यटकीय संघसंस्था गरी १ सय बढी संचालित सचिव शिव थापाले बताए । उहाँका अनुसार फेवा पर्यटन विकास समितिमा भने ९७ पर्यटन व्यवसायी आबद्ध रहेका छन् ।

## पोखराको महेन्द्रपुलमा अन्तर्राष्ट्रिय झण्डा पार्क

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

पोखराको मुख्य बजार क्षेत्र रहेको महेन्द्रपुलमा अन्तर्राष्ट्रिय झण्डा पार्क निर्माण सुरु भएको छ ।




विश्वका सबै देशको झण्डा एकै ठाउँमा राखेर आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने उद्देश्यले पोखरा महानगरपालिकाले लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ सँगको सहकार्यमा पार्क निर्माण थालनी गरेको हो ।

महेन्द्रपुलस्थित सेती नदीको डिलमा महानगरको जग्गामा निर्माण हुने सो पार्कको आज नयाँ वर्षको पहिलो दिन महानगर प्रमुख धनराज आचार्यले शिलान्यास गर्नुभयो । प्यारापिटसहितको झण्डापार्क आगामी डेढ महिनाभित्रमा निर्माण गरिसक्ने योजना रहेको छ । पार्कमा संयुक्त राष्ट्रसङ्घमा आबद्ध एक सय ९५ देशसहित साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको झण्डा राखिने महानगर प्रमुख आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "संयुक्त राष्ट्रसङ्घमा सदस्य रहेका देश सबैको झण्डा र देशको नामसहित उल्लेख गरेर राख्नेछौँ । पार्कको बीच भागमा नेपालको सबैभन्दा ठूलो ४० मिटर अग्लो झण्डा राखिनेछ । विशेष अवसरमा झण्डोत्तोलनका लागि सोही स्थानमा कार्यक्रम गर्नेछौँ ।"

झण्डा पार्क निर्माणका लागि रु ७० लाख लागत अनुमान गरिएको छ । सम्पूर्ण लागत रकम लायन्स क्लबले बेर्होने र यसको सञ्चालन महानगरले गर्नेछ । लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ बि १ का गभर्नर रामबहादुर वसेलले झण्डापार्कले संसारका पर्यटकलाई आकर्षित गर्ने बताउनुभयो । महत्वपूर्ण कार्यमा लायन्स क्लब जोडिन पाउँदा खुसी लागेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "महेन्द्रपुल पोखराको अति महत्वपूर्ण ठाउँ हो, यहाँ सबै क्षेत्रबाट आवातजावत हुन्छ । पोखरामा संसारबाट पर्यटक आउँछन् । यहाँ आएर झण्डा पार्क हेर्दा उनीहरूलाई गौरवबोध हुन्छ । महत्वपूर्ण काममा लायन्स सहभागी हुन पाउँदा खुसी छौं । स्थानीय सरकारसँग सहकार्य गरेर पोखराका लागि काम गर्नेछौं ।" पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले पर्यटकीय हिसाबले झण्डा पार्कको महत्व हुने बताउनुभयो । पोखराको लेकसाइड आउने पर्यटकहरू बजार क्षेत्र रहेको महेन्द्रपुलमा आउने र यसले पर्यटकको बसाइ लम्ब्याउन सहयोग पुग्ने उहाँले बताउनुभयो । महानगरले केही दिनअघि महेन्द्रपुलमा नै अत्याधुनिक सार्वजनिक शौचालय निर्माणको थालनी गरेको छ । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) र महानगरपालिकाको रु एक करोड लागत साझेदारीमा सार्वजनिक शौचालय बनाउन लागिएको हो । महानगरले महेन्द्रपुलमा आफ्नो स्वामित्वमा रहेका दुई पुराना भवन भत्काएर झण्डा पार्क र सार्वजनिक शौचालय निर्माण सुरु गरेको हो ।

## गण्डकी प्रदेशसभाको अधिवेशन आह्वान

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले गण्डकी प्रदेशसभाको अधिवेशन आह्वान गर्नुभएको छ ।

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम सो अधिवेशन प्रदेशसभा भवन नदीपुरमा २०८० साल बैशाख ९ गते शनिबार अपराह्न ३ बजेका लागि आह्वान गर्नुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

## युवालाई राष्ट्र निर्माणको महाअभियानमा सरिक गर्न लाग्नुपर्छ : नेता कोइराला

रासस
काठमाडौं, १ बैशाख

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले यस वर्ष बेरोजगार युवालाई राष्ट्र निर्माणको महाअभियानमा सरिक गर्न लाग्नुपर्ने बताउनुभएको छ ।

नयाँ वर्ष २०८० को शुभकामना सन्देश दिँदै नेता कोइरालाले बढ्दो बेरोजगारीलाई सम्बोधन गरी युवाको पाखुरा, ज्ञान र क्षमतालाई राष्ट्र निर्माणको महाअभियानमा सरिक गराउनुपर्ने बताउनुभयो । "विसं २०७९ चुनावी वर्ष रह्यो, नेपालको संविधानअनुसार झन्डै ३६ हजार जनप्रतिनिधि शान्तिपूर्वक निर्वाचित भएर राष्ट्र निर्माणको जिम्मेवारीमा पुगेका छन्, यो वर्ष बेरोजगार युवालाई राष्ट्र निर्माणको महाअभियानमा सरिक गराउनुपर्छ", कोइरालाद्वारा जारी सन्देशमा उल्लेख छ । मुलुकमा भ्रष्टाचार, कुशासन र महँगी अनियन्त्रित भएकाले राजनीतिक दल र तिनका नेताप्रति आम नागरिकको भरोसा र विश्वासमाथि प्रश्न उठिरहेको उल्लेख गर्दै नेता कोइरालाले अब पनि शासन, प्रशासन र राजनीतिक दलहरू नागरिकमैत्री हुन ढिलो भए सात दशक लगाएर जारी गरिएको नेपालको संविधान प्राप्तिको रटानले मात्र नागरिकको चित्त बुझाउन नसकिने बताउनुभयो । बितेको दशक विविध उतारचढाव आएको जिकिर गर्दै उहाँले भूकम्प, नाकाबन्दी, कोरोना महामारीले देशको आर्थिक विकास र सामाजिक सम्बन्धमा निराशा छाएकाले अब पुनःस्थापनामा लाग्न नयाँ वर्ष २०८० मा प्रेरणा मिल्ने नेता कोइरालाले बताउनुभयो ।

## भरतपुर महानगरको बेरुजु सबैभन्दा कम

रासस
काठमाडौं, १ बैशाख

देशका अन्य पालिकाभन्दा भौतिक पूर्वाधारमा अग्रणी देखिएको भरतपुर महानगरको बेरुजु निकै कम रहेको पाइएको छ ।

महालेखा परीक्षकको कार्यालयले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको ६० औं प्रतिवेदनमा छबटा महानगरमा सबैभन्दा कम बेरुजु भरतपुरको रहेको उल्लेख छ । अघिल्लो आर्थिक वर्षमा पनि भरतपुर महानगरको बेरुजु अन्य महानगर पालिकाको भन्दा कम रहेको थियो । आर्थिक वर्ष २०७८/७९ को प्रतिवेदनमा भरतपुरको बेरुजु शून्य दशमलव ०८ प्रतिशत रहेको छ । पेस्कीबाहेकको यो बेरुजु सबैभन्दा बढी वीरगन्जको सात दशमलव ९४ प्रतिशत, काठमाडौंको एक दशमलव ४५ प्रतिशत, विराटनगरको तीन दशमलव ५८ प्रतिशत, ललितपुरको दुई दशमलव २२ प्रतिशत र पोखराको पाँच प्रतिशत रहेको छ । पेस्कीबाहेक बेरुजमा अघिल्लो वर्ष भरतपुरको शून्य दशमलव २५ प्रतिशत रहेको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# युनाइटेड क्लबद्धारा दृष्टीविहीनहरुलाई सेतो छडी वितरण

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

युनाइटेड क्लबले आफ्नो १३ औं वार्षिकोत्सवको अवसरमा आयोजित साताब्यापी कार्यक्रम अन्तर्गत शुक्रबार दृष्टीबिहीनहरुलाई सेतो छडी वितरण गरिएको छ।



वार्षिकोत्सवको अवसरमा आयोजित साता ब्यापी कार्यक्रम अन्तर्गत शुक्रबार १२ जना दृष्टीबिहीनहरुलाई सेतो छडी वितरण गरिएको हो । सो अवसरमा सेतो छडी वितरण गर्दै पोखरा महानगरपालिकाका वडा अध्यक्ष सन्तोष बास्तोलाले युनाइटेड क्लबले पोखरामा पोखरा महोत्सवको आयोजना गरी बिकृति रहित समाज र सामाजिक काममा लागेको सवैलाई सर्वविविद रहेको र नेपाली नयाँ वर्षको दिनमा दृष्टी क्षमता कम भएकाहरुलाई सहयोग स्वरुप सेतो छडी वितरण गरी रचनात्मक कामको सुरुवात गरेको वताउदै युनाइटेड क्लवको हरेक क्रियाकलापमा पोखरा महानगरपालिका र आफ्नो वडाको तर्फबाट सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे।

त्यस्तै अपांगतामैत्री समाज कास्कीका अध्यक्ष शान्त बहादुर परियारले कोरोना महामारीका कारण लकडाउको समय वा अन्य अवस्थामा समेत आफ्नो संस्थालाई सहयोग गर्दै आइरहेको युनाइटेड क्लबलेनेपालीनयाँवर्षको अवसरमा आफ्नो समाजमा आवद्ध दृष्टीविहीनहरुलाई सेतो छडी वितरण गरेकोमा धन्यवाद ब्यक्त गरे।

युनाइटेड क्लबले महोत्सवको आयोजना गरी राष्ट्रकै उत्कृष्ट क्लब सावित भएको आफ्नो संस्थाले महसुस गरेको उनको भनाइ रहेको थियो। युनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले युनाइटेड क्लबले हरेक वर्ष वैशाख ७ गते वार्षिकोत्सव मनाउदा साताब्यापी कार्यक्रमहरु आयोजना गर्दै आइरहेको र यो वर्षपनि १३ औं वार्षिकोत्सवको अवसर पारी साताब्यापी कार्यक्रम अन्तर्गत अन्तरक्रिया, अपांगता भएकाहरुलाई सहायता सामाग्री बितरण, विभिन्न संघ संस्थालाई खाद्यान्न वितरण, रक्तदान, विद्यालयमा पुस्तकालय निर्माण लगायतका कार्यक्रमहरु गरिने वताए। कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले युनाइटेड क्लबले महोत्सवको आयोजना गरी सामाजिक काम गर्दै आइरहेको भएतापनि वार्षिकोत्सव विशेषमा समेत सामाजिक कामलाई निरन्तरता दिदै आइरहेको वताए। क्लबका महासचिव दिनेश सुनारका अनुसार १३ औं वर्षिकोत्सव अन्तर्गत वैशाख ६ गते सम्म दैनिक कार्यक्रमहरु हुनेछन्।

# आलु परिकारमा रमाउँदै दर्शक

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

११ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव अन्त्यातिर आउदाँ दर्शक सहभागिता हवातै बढेको छ।



शुक्रवार नयाँवर्षको दिन करिव दश हजार मानिसले महोत्सव अवलोकन गरेका छन्। अधिकाशं अवलोकन कर्ता महोत्सव स्थलमा रहेका खाजा स्टलमा आलु परिकारका स्वादमा रमाइरहेका भेटिन्छन् । आयोजकले ती स्टलमा आलुको मम, आलु चप, आलु स्टीम, आलु ससेस, आलु दम, आलुको अचार, आलु पकौडा लगायतका गरी २० परिकारको व्यवस्था मिलाउन भनेको छ। जसअनुसार नै स्टल संचालकहरुले परिकारको व्यवस्था पनि मिलाइरहेका छन् । योसँगै महोत्सवमा अगाडि सारिएको 'सुन्दर ठाउँ हेमजा जाऔं, आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक' भन्ने नारा सार्थक हुने देखिन्छ । महोत्सव प्रवर्द्धन गर्ने उद्देश्यका साथ आफनो स्टलमा आलुका परिकारमात्रै तयार गर्ने गरीएको वर्ड टाउन वेस्टोका संचालक जीतेन्द्रजंग थापाले बताए ।महोत्सव स्थलमा करिव ३० वटा खाजाका स्टलहरु छन् ।जसमध्ये अधिकाशंले आलुका परिकारलाई प्राथमिकताका साथ बनाउने गर्दछन् । महोत्सव अन्र्तगत शुक्रवार लोकदोहोरीतर्फ कलाकारहरु बद्री पगेनी, माया गुरुङ, कमला सुनार, सुभद्रा श्रेष्ठ र सन्तोष सुवेदी, पपतर्फ अस्मिता अधिकारी, सुनिल गायक, गगन गुरुङ र यम नेपालीले प्रस्तुतिहरु राखेका छन् । त्यस्तै शुक्रवार लोकदोहोरीतर्फ प्रिन्स लम्साल, रामजी पौडेल, पारु गुरुङ र कमला केसी, पपतर्फ सिडी विजय अधिकारी, डिमोर्चा व्याण्ड साथै हास्यतर्फ पुर्खे वाका प्रस्तुतिहरु रहनेछन्। छैटौं दिन शुक्रवारसम्म महोत्सव स्थल र बाहिरबाट समेत गरी करिव ७० टन आलुको कारोवार भएको कृषि परिचालन उपसमितिका संयोजक जयराम तिमिल्सीनाले जानकारी दिए । शुक्रवार महोत्सवलाई सम्बोधन गर्दै प्रतिनिधी सभा सदस्य समेत रहेका राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले स्वदेशलाई आत्मनिर्भर गराउन विदेशबाट ल्याउने गरिएका तरकारीजन्य पदार्थ रोक्नुपर्ने बताए ।उनले विचौलियालाई निरोत्साहित गर्ने गरी विधेयक ल्याउने तयारी भइरहेको पनि जानकारी दिए । महोत्सव अर्न्तगत आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन तथा प्रशिक्षण, माटो, बोटविरुवाको परीक्षण तथा रोगको निधान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, विभिन्न कृषि उपज, विउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार लगायतका कार्यक्रम रहेका छन् । महोत्सव यहि बैशाख ३ गतेसम्म चल्नेछ।

# तालबाराही मन्दिर पुन:निर्माण थालियो

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

पर्यटकीय नगरी पोखराको फेवातालको बीचमा रहेको प्रसिद्ध तालबाराही मन्दिरको पुनःनिर्माण प्रक्रिया थालिएको छ । धार्मिक गन्तव्यका रूपमा स्थापित तालबाराहीको पुरानो मन्दिर भत्काइएको छ। विसं २०७२ को भूकम्पबाट क्षति पुगेपछि पुनःनिर्माण गर्नुपर्ने अवस्था आएको हो।



पुरानो मन्दिर भत्काएसँगै अर्को चाँदीको मूर्तिमा प्राणप्रतिष्ठा गरी नजिकैको हवनकुण्ड रहेको स्थानमा पूजाआजाका लागि व्यवस्था मिलाइएको छ । पुरानो मन्दिर भत्काइए पनि बारही देवीको दर्शन गर्न दैनिक ठूलो सङ्ख्यामा दर्शनार्थी मन्दिर पुग्ने गरेका छन् । ढल्किएको मन्दिर पुनःनिर्माणका लागि वाराही मन्दिर व्यवस्थापन समिति र पुरातत्व विभागले काम अघि बढाएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष हिक्मतबहादुर कुँवरले जानकारी दिनुभयो।

भूकम्पकै कारण मन्दिर नजिकै रहेका दुई गोदाम कोठाको दक्षिणतर्फको भाग दबेपछि केही वर्ष पहिले नै ती कोठा भत्काएर हटाइएको थियो । हाल भत्काइएको मन्दिर २०१७ सालमा तत्कालीन राजा महेन्द्र शाहले अहिलेको स्वरूपमा निर्माण गर्नुभएको थियो । पुरातत्व विभागको प्रत्यक्ष संलग्नतामा मन्दिर पुनःनिर्माण गर्न लागिएको र यसका लागि रु एक करोड ४० लाख लाग्ने बताइएको छ। पुरानै शैलीमा कालीगढ मगाएर मन्दिर पुनःनिर्माण गर्न लागिएको अध्यक्ष कुँवरले जानकारी दिनुभयो । मन्दिर पुनःनिर्माण गर्न पुरातत्व विभागले रु २५ लाख र मन्दिर व्यवस्थापन समितिले रु एक करोड १५ लाख जुटाउने सम्झौता छ । मन्दिर पुनःनिर्माणका लागि पोखरा महानगरपालिका तथा अन्य सहयोगदातासँग सङ्कलन गरिने बताउँदै अध्यक्ष कुँवरले दैनिकरूपमा मन्दिरमा आउने दर्शनार्थीबाट स्वतःस्फूर्तरूपमा सहयोग सङ्कलन भइरहेको बताउनुभयो । "मन्दिर पुनःनिर्माणका लागि दैनिक रु ४०-५० हजारसम्म चन्दा सहयोग आउने गरेको छ", उहाँले भन्नुभयो, "नयाँ वर्षका कारण पोखरा घुम्न आउने पर्यटकको आगमनले सहयोग पनि बढ्ने अपेक्षा गरेका छौं ।" मन्दिरको पुनःनिर्माणसँगै यहाँको समग्र व्यवस्थापानका लागि गुरुयोजना तयार गर्न डा भरतराज पहारीको संयोजकत्वमा सात सदस्यीय विज्ञसहितको टोली गठन भई त्यसमार्फत अध्ययन भइरहेको उहाँले जानकारी दिनुभयो । मन्दिर पाँच महिनाभित्रै पुनःनिर्माण गर्ने लक्ष्य छ । प्राचीन मन्दिरका रूपमा चिनिए पनि यसलाई कसले र कहिले निर्माण गरेका हुन् भन्ने यकिन तथ्य भने अनुसन्धानकै क्रममा छ। मन्दिरको अस्तित्व १६६७ सालदेखि कायम रहिआएको पाइन्छ । कतै-कतै १४४७ सालदेखि अस्तित्वमा रहेको भन्ने अभिलेखसमेत छ । कास्कीका राजा कुलमण्डन शाहले मन्दिरमा खरको झुप्रो हालेर पहिलोपटक मन्दिर स्थापना गरेको इतिहास छ। प्राचीनकालमा माटाको ढिस्कामा एउटा शिला थियो, त्यहीँ मन्दिर स्थापना गरी बाराहीका रूपमा पूजाआजा गर्न थालिएको किंवदन्ती छ । किंवदन्तीअनुसार तालको बीचमा टापु बनेको र त्यहीँ मन्दिर स्थापना गरिएको इतिहास निकै रोचक छ। बाराही देवीको शक्तिले तालको बीचमा टापु बनेको विश्वास छ। तालबाराही देवी सन्न्यासीको भेषमा रातको समय मन्दिर रहेको वरपरको गाउँ पुग्दा अरु कसैले बास दिएनछन्। एउटी बूढीआमाले बास दिएर रातमा आफूसँग भएको ढुटाको रोटी खान दिएछन् । श्रुतिअनुसार भोलिपल्ट बिहान बूढीआमालाई देवीले अब यहाँ जलमग्न हुन्छ त्यहाँ गएर बस्नु भनेकामा ठूलो बाढी भएर जलमग्न भयो र बीच भागमा ढिस्कोमात्रै रह्यो। फेवाताल र यसको बीचमा अवस्थित तालबाराही मन्दिरको दर्शन गर्न वर्षभरि नै दर्शनार्थी आउने गर्दछन्। पोखरालाई पर्यटकीयरूपमा चिनाउन फेवाताल र यहाँको तालबारही मन्दिरको विशिष्ट महत्व रहेको पर्यटन व्यवसायी तारानाथ पहारी बताउनुहुन्छ । तालको बीचमा मन्दिर अवस्थित छ भन्ने सुनेर पनि टाढा-टाढाबाट दर्शनार्थी फेवाताल आउँछन् । त्यसकारण तालबाराही मन्दिरले पर्यटन र धर्म दुवैलाई जोडेको छ। तालमा देखिने माछापुच्छ्रे हिमालको छायाँ र मन्दिर परिसरबाट देखिने हिमाली शृङ्खला, सराङ्कोट, विश्व शान्ति स्तूपजस्ता दृश्यले पर्यटक लोभिने गरेका छन् । प्राकृतिक मनोरम दृश्यको आनन्द लिन पाइनेमात्र नभई तालबाराहीको दर्शन गरेपछि चिताएको पुग्ने धार्मिक विश्वासले पनि यहाँ सर्वसाधारणको आकर्षण बढेको छ।

# पोखरा स्पोर्ट्स अवार्डलाई केल्मीको साथ

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

नेपाली बजारमा छुट्टै स्थान बनाएको केल्मी ब्राण्डले सातौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०७९' लाई सहयोग गर्ने भएको छ।

यही बैशाख २३ गते शनिबार पोखरा सभागृह हलमा आयोजना हुने उक्त अवार्डलाई सफल पार्न केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि.ले सहयोग गर्ने भएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले जनाएको छ। उक्त प्रा.लि.का म्यानेजिङ टाईरेक्टर उत्तम न्यौपाने र मञ्चका अध्यक्ष दीननाथ बराल बिच सम्झौता पत्रमा हस्ताक्षर भएको मञ्च गण्डकीका महासचिव राजाराम पौडेलले बताए । प्रा.लि.ले मञ्चलाई उक्त अवार्ड सफल पार्न करिब एक लाख ५० हजार बराबरको सहयोग गर्ने भएको हो । नेपालकै लोकपृय व्राण्ड केन्मीले मञ्चको उक्त अवार्डलाई सफल पार्न सहयोग गरेकोमा मञ्चका अध्यक्ष बरालले आफ्नो क्षेत्रबाट उक्त ब्राण्डको प्रबर्द्धनमा आवश्यक सहयोग गर्ने बताए। मञ्च गण्डकीले हरेक बर्षजसो उक्त अवार्ड गरेकोले पहिलो पटक सहकार्य गर्ने अवसरमा दिएकोमा प्रा.लि.का म्यानेजिङ टाईरेक्टर न्यौपानेले धन्यवाद दिदै आगामी दिनमा पुनः सहकार्य गर्ने वचन दिए । केल्मी ब्राण्डले नेपाली क्रिकेट, फुटवल, भलिवल, गल्फ लगायतका खेलहरुसंग समेत सहकार्य गर्दै आएको न्यौपानेले बताए। मञ्चका अध्यक्ष बराल सहित सचिव शशिकुमार पौडेल सहितको टोली उक्त अवार्ड सफल पार्न पूर्व तयारी स्वरुप काठमाण्डौं जाने क्रममा केल्मी सहित राष्ट्रिय खेलकुद परिषद (राखेप) ले समेत सहयोग गर्ने भएको हो । सातौं सस्करणको पोखरा स्पोर्ट्स अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड दिने प्रदान गरिनेछ। अवार्ड कार्यक्रमलाई सफल बनाउन गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा महानगरपालिका लगायतले सहयोग गर्ने तय भैसकेको छ । यसैगरी उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर ग्रुप अफ पोखरा नेपालले तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको महासचिव पौडेलले जानकारी दिए । अवार्ड कार्यक्रमको मिति नजिकिदै गर्दा मञ्चले तयारीलाई तिव्रता दिएको छ। तयारीकै शिलशिलामा अध्यक्ष बराल र सचिव पौडेल यतिबेला काठमाण्डौंमा छन्। यसैबिच भोलि(शनिबार) पोखरा रंगशालामा दिउँसो ३:०० बजे पोखरा स्पोर्ट्स अवार्डलाई सफल पार्न विभिन्न खेल संघ संस्था/क्लवको भूमिका बिषयक छलफल कार्यकम हुने भएको मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठले बताए।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति बैशाख २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नयाँ वर्षमा पर्यटकले भरिभराउ कुश्माबजार

**पोखरापत्र संवाददाता**
पर्वत, १ बैशाख

साहसिक पर्यटकीय पूर्वाधार बढेसँगै पर्वतमा पछिल्ला समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण ह्वात्तै बढेको छ।

विभिन्न सङ्घ संस्थाका अवलोकन भ्रमणका गन्तव्यसमेत पर्वत सदरमुकाम कुश्मा बन्दै गएको छ। कुश्मा बजारमा बनेको विश्वकै दोस्रो अग्लो बञ्जीजम्प, विश्वकै दोस्रो लामो सुपरम्यान शैलीको जीपलाईन, नेपालकै अग्ला र लामा झोलुङ्गे पुलले आन्तरिक पर्यटकलाई आकर्षित गरेको हो। नयाँ वर्ष प्रारम्भको बेला भएकाले दैनिक हजारौँको सङ्ख्यामा आन्तरिक पर्यटक भित्रिने गरेका छन्। गर्मीयाम सुरु भएसँगै कालीगण्डकीमा जलयात्राको यामसमेत सुरु भएको छ।

नयाँ वर्षमा पर्यटकको सङ्ख्या बढेसँगै कुश्माबजारका होटल भरिभराउ हुन थालेका छन्। एक साताअघिदेखिनै होटल बुकिङ हुन थालेको सञ्चालकको भनाइ रहेको छ। पर्यटकीय पूर्वाधार बढेसँगै कुश्मा बजारमा सुविधासम्पन्न होटलसमेत थपिन थालेका छन्। चैतदेखैँ तथा गार्मीयामको समयमा हिमालपारिको जिल्ला मुस्ताङको कागबेनीमा श्राद्ध गर्न जाने तथा उपल्लो मुस्ताङ र कोरल्ला नाकामा घुम्न जाने आन्तरिक तथा बाह्य पर्यटकका कारण पनि जिल्ला सदरमुकाममा चहलहपल बढ्न थालेको हो। मुस्ताङ जाने दर्शनार्थी र अन्य पर्यटकले जाने बेलामा र फर्किने बेलामा बास बस्नका लागि होटल बुकिङ गर्ने गरेको होटल व्यवसायी कृष्णप्रसाद श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार नेपालका चितवन, विराटनगर, हेटौँडा, दोलखा, नेपालगञ्ज, बर्दिया, दाङ, बुटवल, कपिलवस्तुलगायतका क्षेत्रवाट शैक्षिक सङ्घ संस्था, सहकारी संस्था, विभिन्न सामुदायिक सङ्घ संस्थाको शैक्षिक तथा अवलोकन भ्रमणका लागि यस क्षेत्रमा आउने क्रम बढ्दो रहेको उहाँले बताउनुभयो। कतिपयले पर्वतलाई गन्तव्य बनाउने गरेका छन् भने कतिपय बागलुङ म्याग्दीतर्फ समेत जाने गरेको होटल व्यवसायीको भनाइ छ।

पहिल्ला केही दिनयता सदरमुकामका सुविधा सम्पन्न मानिने बन्दना, बेन्जु, माउन्टेन भ्यू, फ्रेण्डली, धौलागिरि, मुस्ताङ, ओरियन्ट, ड्रागनलगायतका होटल भरिभराउ रहेको सञ्चालकले बताएका छन्। यता बञ्जीजम्प र जीपलाइनमा समेत एक हप्ताअघिदेखिनै टिकट बुक भइरहेको सञ्चालकले बताएका छन्। अन्य दिनभन्दा शुक्रबार र शनिबार तथा सार्वजनिक बिदाको दिनमा पर्यटकको चाप बढी हुने गरेको छ। यस वर्षदेखि बाह्य पर्यटकसमेत उल्लेख्य मात्रामा आउन थालेको होटल व्यवसायी सञ्चालक राजु कार्कीले बताउनुभयो।

आन्तरिक पर्यटकको चाप अत्यधिक भएसँगै सवारी पार्किङको समस्या देखिएको छ।

# चापाकोटमा बाख्रालाई पिपिआर खोप

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १ बैशाख



चापाकोट नगरपालिकाले किसानले पालेका भेडाबाख्रामा निशुल्क पिपिआर खोप लगाईदिएको छ। मान्छेमा जस्तै बाख्राहरुमा पनि ज्वरो आउने, नाकबाट सिंगान बग्ने र पखला लाग्ने रोगबाट बचाउन पिपिआर खोप दिइएको हो।

नगरवासीले पालेका बाख्राहरुमा रोगबाट लड्ने क्षमता बढाउन टोल–टोलमा पुगेर शिविर मार्फत खोप दिने अभियान गरेको नगर प्रमुख देवबहादुर खाँण (इश्वर) ले जानकारी दिए। चापाकोट नगरपालिका भित्र रहेका सबै नागरिकको स्वास्थ्य शिविर मार्फत स्वास्थ्य परिक्षण पछि हामी पशुपंक्षीमा लागेका हौं उनले भने,'अहिले बाख्रा र भेडालाई पिपिआर खोप दिएका छौं।' यसपछि कुखुरा, गाईभैसीमा पनि खोप दिने अभियान सन्चालन गर्दै छौं उनले भने। नगरपालिका भित्र रहेका ११ हजार ५ सय भेडाबाख्रामा पिपिआर खोप लगाइएको छ। चापाकोट नगर पशुशाखाका अनुसार ३६ भेडा र अरु सबै बाख्रामा यो खोप लगाइएको जनाएको छ। चापाकोट नगरपालिका र किसान प्राविधिक शिक्षालय चापाकोटको ३८ जना प्राविधिक टोलीले हरेक टोलमा पुगेर किसानका बाख्रामा खोप लगाइएको पशुशाखाका प्रमुख भुपराज भण्डारीले जानकारी दिए। असार साउनमा बाख्रलाई ज्वरो आउने, घासपात नखाने, झोक्राउने लगायतका रोग देखिन्छ उनले भने,'यसको नियन्त्रणका लागि ५ महिना अगाडी लगाएको भ्याक्सिनले काम गर्छ।' सरुवा रोग भएकाले यसलाई नियन्त्रण गर्न यो खोपले मद्त पुग्ने उनले बताए। पशु ज्ञान केन्द्रले भ्याक्सिन र नगरपालिकाले प्राविधिक टोली खटाएर खोप लगाइएको भण्डारीले बताए।

जिल्लाका केही पालिकामा अज्ञात रोगले बाख्राहरु मर्न थालेपछि चापाकोट नगरपालिकाले किसानले पालेका भेडाबाख्रा सुरक्षित गर्ने दायीत्व स्थानीय सरकारको रहेको भन्दै चापाकोट नगरपालिकाले खोप दिने व्यवस्था अगाडी सारेको हो। टोल टोलमै पुगेर वडा कार्यालयको समन्वयमा सेवा दिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुव खनालले बताए।

किसानले पालेका ११ हजार ४ सय ७४ बाख्रा र ३६ वटा भेडा गरी ११ हजार ५ सय भेडा बाख्रामा १७ गते देखि सुरु गरेर २८ गते सम्म १० वडाका सबै टोलमा पुगेर खोप लगाएको खनालले बताए। स्थानीय सरकार छ भन्ने महशुष नागरिकमा गराउन पनि यो अभियानले महत्वपुर्ण भुमिका खेल्ने खनालले दावी गरे।

# म्याग्दीका पर्यटकीयस्थलमा आन्तरिक पर्यटकको चहलपहल

**पोखरापत्र संवाददाता**
बेनी, १ बैशाख

म्याग्दीका पर्यटकीयस्थल नेपाली नयाँ वर्ष २०८० मनाउनका लागि आन्तरिक पर्यटकले भरिभराउ बनेका छन्।

विद्यालय तहको वार्षिक परीक्षा सकिएर बिदा भएको र लगातार दुई दिन सार्वजनिक बिदा भएका कारण जिल्लाका पर्यटकीयस्थलमा नयाँ वर्षलाई उत्सवका रूपमा मनाउन आन्तरिक पर्यटकको चहलपहल बढेको हो। नयाँ वर्ष मनाउनका लागि घोरेपानी, पुनहिल, मोहरेडाँडा, खोपारा, स्वर्गाश्रम, बेलढुङ्गा, रुइसे, गाजने, टोड्केलगायतका स्थलमा आन्तरिक पर्यटकको आगमन बढेको छ। पर्यटकका लागि उपयुक्त मौसम भएकाले अन्नपूर्ण हिमाल र धवलागिरी हिमालमा आरोहणका लागि विदेशीपर्यटककोआवतजावतसमेत बढेको छ। आधार शिविर क्षेत्रको भ्रमणका लागि आन्तरिक पर्यटक आउन थालेको अन्नपूर्ण हिमालको आधार शिविर क्षेत्रमा जाने पर्यटकलाई लक्षित गरी होटल सञ्चालन गर्नुभएका अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका तेज गुरुङले बताउनुभयो। सडक सञ्जालले आधार शिविर क्षेत्रमा पुग्ने समय घटाएपछि पदयात्रामा आउने पर्यटक बढेको उहाँले जानकारी दिनुभयो। चक्रीय अन्नपूर्ण पदमार्गले समेटिएको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोरेपानी-पुनहिल क्षेत्रमा यस याममा बढी पर्यटक भित्रिएका छन्। पर्यटकका लागि अनुकूल मौसम भएको र जङ्गलमा ढकमक्क फुलेका लालीगुराँसले नयाँ वर्षको अवसरमा भ्रमणमा आउनेको सङ्ख्या ह्वात्तै बढेका घोरेपानीका होटल व्यवसायी रनबहादुर पुनले जानकारी दिनुभयो। समुद्री सतहदेखि तीन हजार दुई सय १० मिटर उचाइमा रहेको पुनहिलमा पर्यटकको सुविधाका लागि टी एण्ड कफीसप सञ्चालन गर्नुभएका पुनले दैनिकरूपमा सात सयभन्दा बढी पर्यटक आउने गरेको बताउनुभयो। "विदेशी पर्यटक पनि यो सिजनमा बढेका छन्, बिदाको समयमा घुम्न आउने विद्यार्थीको सङ्ख्या पनि अधिक देखिएको छ", पर्यटन व्यवसायी पुनले भन्नुभयो। घोरेपानी क्षेत्रमा रहेका ३० होटल तथा मोहरेडाँडास्थित सामुदायिक लज दैनिकजसो भरिभराउ हुन थालेपछि पर्यटन व्यवसायी उत्साहित बनेका छन्। अन्नपूर्ण र धवलागिरि हिमशृङ्खलाका दर्जन बढी हिमाल एकै ठाउँबाट अवलोकन गर्नुका साथै सूर्योदय, घना गुराँसे जङ्गल र जैविक विविधतायुक्त क्षेत्रमा रमाउनका लागि यस क्षेत्रमा बाह्य र आन्तरिक पर्यटक आउने गरेका छन्।

# सु-शान्त टोलले मुठीदानबाट ३३ कुइन्टल चामल वृद्धाश्रमलाई प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख



पोखरा महानगरपालिका वडा नं. १७ मा रहेको सु-शान्त टोल सुधार संस्थाले २०७१ सालदेखि हालसम्म विभिन्न वृद्धाश्रमहरुलाई ३३ कुइन्टल चामल हस्तान्तरण गरेको छ।

टोलविकास संस्थाले आफ्ना सदस्यहरुबाट संकलन गरेका मुठीदान खाद्यान्न पोखरा वृद्धाश्रम सितापाईला, मानव सेवा आश्रम छोरेपाटन र हेम्जा, वेदविद्याश्रम स्याङ्जा काफलटारी, अमोर वाल आश्रम फेदीखोला, वेदविद्याश्रम घाँटीछिना, साथी संसार वागमारा, अपाङ्ग महासंघ, लामाचौरको अनाथ आश्रम तथा असाहय व्यक्तिहरु लगाएतलाई प्रदान गर्दै आएको छ। २०८० सालको नयाँ वर्षको उपलक्ष्यमा एकै दिन नगद ३६ हजार पाँच सयका साथमा चामल, दाल, तेल, नुन, आलु आटा, चिनि लगाएतका खाद्य सामाग्री प्रदान गरिएको थियो। जसमा १२५ केजी चामल, ५ केजी दाल, ५ र आधा लिटर तेल, ३६ केजी नुन, २० केजी आलु, २ केजी आटा र १ केजी चिनी टोलवासीले संकलन गरेका थिए।

दैनिक मुठीदान संकलन गर्दै हरेक ३ महिनामा उक्त संकलन भएको मुठीदानमा रकम पनि थप गरी वृद्धाश्रमलाई प्रदान गर्दै आएको संस्थाका अध्यक्ष मीनबहादुर रानाभाटले वताए। यस पुण्यकार्यमा सु-शान्त आमा समुह र सु-शान्त क्लबका सदस्यहरुको सक्रिय सहभागिता समेत रहेको उनले वताए।

खाद्यन्न वृद्धाश्रम वा त्यस्तै प्रकृतिका संस्थालाई सहयोग गरिदै आएको छ भने नगद संस्थाले स्थापना गरेको अक्षयकोषमा जम्मा गरिन्छ। टोल सुधार संस्थाले दैनिक १ रुपैयाको दरले वार्षिक ३६५ रुपैया प्रतिघरबाट संकलन गर्दा ९ वर्षसम्ममा ३ लाख भन्दा वढि अक्षयकोषमा रकम जम्मा भएको र उक्त रकमको व्याजबाट खाद्य बैंक स्थापना गरी समस्यामा परेकालाई खाद्यन्न सहयोग गर्दै आएको छ।

# 'नयाँ वर्षमा लोकतन्त्र अझ सुदृढ होस्'

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नयाँ वर्ष, २०८० मा नेपाली लोकतन्त्रको अझ विस्तार, विकास र सुदृढ हुन सकोस् भनी शुभकामना व्यक्त गर्नुभएको छ।

नयाँ वर्ष २०८० सालका अवसरमा प्रदेश प्रमुखको कार्यालयद्वारा बिहीबार पोखरामा आयोजित शुभकामना आदान-प्रदान तथा चियापान समारोहमा उहाँले राष्ट्रिय एकता, दिगो शान्ति र सामाजिक सद्भावसहितको आर्थिक समृद्धिमा जोड दिनुभएको हो। प्रदेश प्रमुख गुरुङले २०७९ साललाई राजनीतिक, आर्थिक र सामाजिक विकासका दृष्टिले उपलब्धिपूर्ण वर्षका रूपमा लिन सकिने उल्लेख गर्नुभयो। "यसै वर्ष सङ्घीय संरचनाअन्तर्गत सबै तहका निर्वाचन सम्पन्न भएका छन्, आम जनताले विश्वास र भरोसा गरेर तीनै तहका लागि प्रतिनिधि छानेर पठाएका छन्", उहाँले भन्नुभयो, "देशमा रहेका अथाह प्राकृतिक सम्पदा एवं मानवीय संशाधनको समुचित र दिगो प्रयोग गर्दै आफ्नै पौरखले मुलुकलाई समृद्ध तथा समुन्नत बनाउने दायित्वसमेत हाम्रो काँधमा रहेको छ।" सुन्दर, समुन्नत र व्यवस्थित गण्डकी प्रदेशको निर्माण सबै पक्षको सहभागिताबाट मात्र सम्भव हुने उल्लेख गर्दै प्रदेश प्रमुख गुरुङले दलगत स्वार्थबाट माथि उठी समुन्नतिका लागि साझा धारणा बनाई अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो। सोही समारोहमा गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी, उच्च अदालत पोखराका कायममुकायम मुख्य न्यायाधीश डिल्लीराज आचार्यलगायतले नयाँ वर्ष २०८० सालका उपलक्ष्यमा प्रदेशवासीलाई शुभकामना सन्देश दिनुभएको थियो।

# सम्झौता सकिने बेला करिडोरमा धमाधम पुल बन्दै

**पोखरापत्र संवाददाता**
ढोरपाटन, १ बैशाख

राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत कालीगण्डकी करिडोरको बागलुङ जैमिनीअन्तर्गत जैदी-छिस्ती खण्डमा निर्माण थालिएको चौडीखोला पक्की पुल निर्माणले गति लिएको छ। विसं २०७७ असार २१ गते सम्झौता गरी काम थालेको ठेकेदार कम्पनी राजेश्वरी कन्ट्रक्सनले पछिल्लो समय कामलाई तीव्रता दिएको हो।

विसं २०८० असार मसान्तभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि चौडीखोलामा रहेको बेली ब्रिज नेपाली सेनाले नहटाउँदा काम ढिलो सुरु भएको थियो। ठेकेदार कम्पनीले सम्झौता गरेको करिब एक वर्षपछि मात्र काम थालेको आयोजनाका सुपरभाइजर केशव सुवेदीले बताउनुभयो। उहाँले सम्झौता अवधिमै काम सकिनेमा भने आशँका व्यक्त गर्नुभयो। "दुई वर्ष अगाडि पुल निर्माणका लागि सम्झौता भएको थियो, विभिन्न समस्याका कारण करिब एक वर्षसम्म काम गर्न पाएनौं, असार मसान्तसम्म म्याद छ, हेरौं कस्तो हुन्छ, हामीहरूले जसरी पनि सक्नेगरि काम गरिरहेका छौं, यदी सकिएन भने थोरै समय थप मागेर काम सक्ने छौं।" एघार मिटर चौडाइ र ३५ मिटर लम्बाइ रहेको उक्त पुल ढलान गर्न तयारी गरिएको छ। हालसम्म चौडीखोलामा ग्याबिन भर्नेलगायत करिब ४० प्रतिशत काम सम्पन्न भएको निर्माण कम्पनीले जनाएको छ। पुल रु तीन करोड ८० लाख ५४ हजार लागतमा निर्माण थालिएको हो। पुल निर्माण थालिएसँगै नेपाल, भारत र चीन जोड्ने रेशमी मार्गकोरूपमा रहेको कालीगण्डकी करिडोरमा यात्रा गर्न सहज हुने छ।

# ताजा फलफुलका लागि पोखरामा खुल्यो फलरस

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख



स्वच्छ, ताजा फलफुलका लागि पोखरामा फलरस पसल खुलेको छ।

मौसमी तथा वेमौसमी फलफुल र यसबाट बनाइने विभिन्न जुसहरुको सुविधा सहित पोखराको पृथ्वीचोक स्थित पोखरा मलमा फलरस पसल खुलेको हो। पसलको शुक्रबार पोखरा महानगरपालीका वडानम्बर ९ का वडाअध्यक्ष दिपेन्द्र मर्सानी र पृथ्वी राजमार्ग बस व्यवसायी समितिका अध्यक्ष योगेन्द्र केसिले सयुक्त रुपमा उद्धाटन गरेका छन्। नेपाल फलफुल थोक व्यवसायी संघ काठमाडौँका अध्यक्ष समेत रहेका फलफुल व्यवसायी अमर बाँनिया सहित पोखराका दिल बहादुर थापा र कमल बहादुर थापाले करिब ४० लाखको लगानीमा फलरस पसल संचालनमा ल्याएका हुन्। काठमाडौँमा फलफुलको होलसेल पसल संचालन गर्दै आएका बाँनियाले पोखराको लामाचौरमा पहिलो पटक फलरस पसल खोलेका थिए। लामाचौरमा ग्राहक बढेपछि फलफुलको माग अनुसार दोस्रो शाखाको रुपमा पृथ्वीचोकमा खोलेको उनले बताए।

बच्चा देखि बिरामी सम्मले खाने फलफुल हाइजेनिक, स्वच्छ, सफा हुनुपर्ने जिकिर गर्दै त्यस मापदण्डलाई पुरा गरि पसल खोलिएको उनको दावी छ। उनका अनुसार आधुनिक मेसिनहरु प्रयोग गरि बनाइएका विभिन्न फलफुलको जुस, लस्सी समेत पसलमै उपलब्ध हुने छ।

गर्मीयाममा मौसमी मेवा, आँप र उखुँ जुसको माग बढि हुने गरेको छ। फलफुलमा प्रशस्त्र मात्रमा भिटामिन ए, बी १, बी ६, सी, डी, पोटासियम, फस्फोरस, आइरन लगायतका पौष्टिक तत्व पाइने भएकाले मानव शरीरका लागि एकदमै आवश्यक रहेको चिकित्सकहरु बताउँछन्। फलफुलले शरीरमा पानीको मात्रा बढाउन मद्दत गर्छ र रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ। त्यसैले गर्मीमा फलफुल खानु निकै लाभदायक मानिन्छ।

# पाइप डढेपछि खानेपानीको समस्या

**पोखरापत्र संवाददाता**
वालिङ, १ बैशाख

स्याङ्जाको वालिङ नगरपालिका-५ पाँडेथोक र वडा नं ६ को पाखुरेमा खानेपानीको समस्या भएको छ। वनमा आगलागी हुँदा गाउँमा ल्याइएको खानेपानीको पाइप डढेपछि पानीको हाहाकार भएको हो। यसबाट यहाँका ३७ परिवार प्रभावित बनेका छन्।

छरछरे-पाँडेथोक सिँचाइ तथा खानेपानी योजनाअन्तर्गतको करिब एक किलोमिटर पाइप मङ्गलबार र बुधबार लागेको आगोले डढेपछि गाउँमा खानेपानी आउन बन्द भएको उपभोक्ता समितिका अध्यक्ष नीलकण्ठ लामिछानेले बताउनुभयो। "मुहानबाट मैदानसम्म ल्याइएको पानीको पाइप आगोले डढेर पूर्णरूपमा नष्ट भएको छ", उहाँले भन्नुभयो, "मुहानबाट मैदानसम्म आएको पानीलाई सोलारमार्फत तानेर घर-घरमा वितरण गरिएको छ।" मुहानबाट गाउँसम्म दुई इन्चको पाइपमा करिब एक हजार छ सय ५० मिटर परबाट ल्याइएको छ। विसं २०६३ मा मूल दर्ता गरी २०६४ सालमा योजना सम्पन्न भई यहाँका बासिन्दाले घर-घरमै पानी उपभोग गर्दै आएका थिए। "आगलागीबाट क्षति भएपछि अहिले पानीको हाहाकार भएको छ", उहाँले भन्नुभयो, "गोलभैंडाको पकेट क्षेत्र भनेर चिनिएको यस ठाउँमा मौसमी तथा बेमौसमीरूपमा लगाइएका विभिन्न प्रजातिका तरकारी ओइलाएर मर्ने क्रममा पुगेका छन्।"


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# बानियाँ समुदायबाट राष्ट्रसेवामा कार्यरत उच्च पदस्त व्याक्तिहरु सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

बानियाँ बन्धु समाज जिल्ला कार्य समिति कास्कीले बानियाँ समुदायबाट प्रतिनिधीत्व गर्ने राष्ट्रसेवामा कार्यरत उच्च पदस्त ब्याक्तिहरुलाई सम्मान गरेको छ।

नयाँवर्षको अवसरमा आयोजित भित्तेपात्रो विमोचन तथा शुभकामना आदानप्रदान कार्यक्रमका बीच बानियाँ बन्धु समाज कास्कीले पश्चिम पृतना हेड क्वार्टर बिजयपुर ब्यारेकका उपरथी दिपक कुमार बानियाँ, सिद्धिदल गण बिजयपुर ब्यारेकका गणपति प्रमुख सेनानी जयराम बानियाँ, सशस्त्र प्रहरी बल २४ नम्बर गण कालिका गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक धन बहादुर बानियाँ र २६ वर्षदेखी फलफुल ब्यवशायमा लागेका ब्यवशायी अमर बानियाँलाई सम्मान गरेको हो।

सो अवसरमा वोल्दै पश्चिम पृतना हेड क्वार्टर बिजयपुर ब्यारेकका उपरथी दिपक कुमार बानियाँले छरिएर रहेका बानियाँ समुदायलाई एकीकृत गर्न बानियाँ बन्धु समाजले खेलेको भुमिकाको प्रशंसा गरे। बानियाँहरु नेपालभर छरिएर रहेको र बानियाँ बन्धु समाजकै कारण आज एक ठांउमा हुन पाएको र यसरीनै आफ्नो समुदायको उत्थानको लागी सम्पूर्ण बानियाँ बन्धुहरु आ



आफ्नो ठांउबाट लाग्नुपर्ने उनको भनाइ रहेको थियो।

सिद्धिदल गण बिजयपुर ब्यारेकका गणपति प्रमुख सेनानी जयराम बानियाँले बानियाँ बन्धु समाजले आफुहरुलाई सम्मान गरी आफ्नो काम कर्तब्यमा अझ अगाडी वढ्न हौसला मिलेको वताए। त्यस्तै सशस्त्र प्रहरी बल २४ नम्बर गण कालिका गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक धन बहादुर बानियाँले आफु पूर्व नेपालको भएतापनि काम कर्तब्यको शिलशिलामा पोखरामा आज भन्दा २५ वर्ष अगाडि कार्यरत रहंदा पोखरामा बानियाँ बन्धुहरु रहेको स्मरण गर्दै पुन २५ वर्षपछि पोखरामानै आइपुग्दा आफ्नो समुदायबाट सम्मानित हुंदा आफ्नै दाजुभाइ संग प्रत्यक्ष भेट भएको महशुस गरे। आगामी दिनमा नेपाल भर रहेका बानियाँ बन्धुहरुलाई एक आपसमा सहयोग र सदभाव कायम गर्दै अगाडी वढ्ने समेत उनले प्रतिवद्धता ब्यक्त गरे।

त्यस्तै युवा ब्यवशायी अमर बानियाँले बानियाँ समुदायलाई माथी उठाउनका लागी सम्पूर्ण बानियाँ बन्धुहरु एकजुट भएर अगाडी वढ्नुको विकल्प नरहेको वताउदै हरेक बानियाँहरुले आफ्नो समुदायलाई दह्रो बनाउन लाग्नुपर्नेमा जोड दिए।

कार्यक्रममा वर्षा बानियाँले स्वागत मन्तब्य राखेकी थिइनभने बानियाँ बन्धु समाज कास्कीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र बहादुर बानियाँले कार्यक्रम माथी प्रकाश पारेका थिए। कार्यक्रममा बानियाँ बन्धु समाजका संरक्षक चन्द्र प्रकाश बानियाँ, पोखरा महानगरपालिका वडा नम्बर १५ का अध्यक्ष तोरण बहादुर बानियाँ, बानियाँ बन्धु समाजका केन्द्रीय सचिव दिपक बानिँया, केन्द्रीय सदस्य द्धय सूर्य बहादुर बानियाँ र इन्द्रमाया बानियाँ लगायतले शुभकामना मन्तब्य राखेका थिए। बानियाँ बन्धु समाज कास्कीका अध्यक्ष होम बहादुर बानियाँको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन जिल्ला कमिटि सदस्य शंकर बानियाँले गरेका थिए।

# घान्द्रुक कल्चर रिसोर्टको उद्‌घाटन

**पोखरापत्र संवाददाता**
तनहुँ, १ बैशाख

कास्कीको अन्नपूर्ण गाउँपालिका ११ घान्द्रुकमा घान्द्रुक कल्चर रिसोर्ट उद्‌घाटन भएको छ।

घान्द्रुक कल्चर रिसोर्ट प्रालिको सञ्चालनमा रहेको रिसोर्टको सगरमाथा टिभीका प्रबन्ध निर्देशक निर्मल गुरुङ, प्रतिनिधिसभा सदस्य मनबहादुर गुरुङले उद्‌घाटन गरेका हुन्। नयाँ वर्षको अवसर पारेर ८० प्रतिशत कार्यसम्पन्न भएको रिसोर्टको उद्‌घाटन गरिएको प्रालिका अध्यक्ष कुलप्रसाद गुरुङले बताए।

उद्‌घाटन कार्यक्रममा टिभीका प्रबन्ध निर्देशक गुरुङले रिसोर्टले घान्द्रुकको पर्यटन क्षेत्रमा टेवा पुग्ने बताए। 'पछिल्लो समय घान्द्रुकमा पर्यटकको चहलपहल बढिरहेको छ,' उनले भने, 'यो रिसोर्टले पक्का पनि पर्यटन क्षेत्रमा एउटा इट्टा थप्ने काम अवश्य गर्नेछ।' घान्द्रुकमा सभाहलसहितको रिसोर्ट आवश्यक भएकाले त्यो आवश्यकता पनि पुरा गर्ने उनको भनाई थियो। प्रतिनिधिसभा सदस्य मनबहादुर गुरुङले रिसोर्टले घान्द्रुक मात्र नभएर नेपालकै पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताए। यहाँको पर्यटन क्षेत्र विकासका लागि सदनमा आवाज उठाउने उनले बताए। यस क्षेत्र हुँदै अन्नपूर्ण बेस क्याम्प र घोडेपानी पुग्न सकिने भएकाले खर्च गर्न चाहने पर्यटकका लागि रिसोर्ट सहयोगी हुने उनको भनाई थियो। करिब ३ वर्ष अघिदेखि निर्माण भइरहेको रिसोर्टको ८० प्रतिशत काम सकिएको रिसोर्ट सञ्चालन कुलप्रसाद गुरुङले जानकारी दिए। 'कोरोनाको समय देखि नै बनाउन सुरु गरिएको हो। त्यो समय साह्रै गाह्रो अवस्था थियो,' उनले भने, 'तर पनि हिम्मत नहारी अनवरत रुपमा निर्माणको काममा लागे।

आज ८० प्रतिशत काम सकेर नयाँ वर्षको दिन उद्‌घाटन गर्न पाउँदा साह्रै खुसी छु।' ८ रोपनी क्षेत्रफलमा फैलिएको रिसोर्टमा साढे १७ करोड लगानी रहेको छ। रिसोर्टमा करिब ३ सय जना अट्ने सभाहल, रेष्टुरेण्ट, ५० वटा कोठा रहेको रिसोर्टका व्यावस्थापक सञ्जय गुरुङलले जानकारी दिए।

सभाहलमा सेमिनार, गोष्ठी लगायत कार्यक्रम गर्न सकिन्छ। रिसोर्टमा बन्ने कोठा मध्ये २७ वटा तयारी अवस्थामा छन् भने, २३ वटा निर्माणाधिन अवस्थामा छन्। अहिले तत्काल ६० जना पाहुना व्यावस्थापन गर्न सकिने व्यवस्थापक गुरुङले बताए। रिसोर्ट पूर्ण रुपमा सञ्चालन भएमा २ सय जना पाहुना राख्न सकिनेछ। यहाँ २ वटा कल्चर कोठा, ४ वटा अतिविशिष्ट, १५ वटा विशिष्ट र अन्य सामान्य कोठा रहेको उनले बताए। लोप हुन लागेका पुराना संस्कार, संस्कृति जगेर्ना गर्ने उद्देश्यले रिसोर्टको परिकल्पना गरिएको सञ्चालक गुरुङले बताए। 'अहिले हाम्रो संस्कार संस्कृति हराउँदै जान थालेका छन्। लोप हुने अवस्थामा रहेको संस्कृति जगेर्ना गर्न सकिन्छ की भनेर प्रयास थालेको हुँ,' उनले भने, 'कल्चर झल्काउने घुमाउने घर, ढिकी, जातो, घट्ट, पुराना धातुका सामान, डोका, नाङ्लो लगायत राखेको छु। यो सँगै राती सांस्कृतिक कार्यक्रम पनि गरिन्छ।' रिसोर्टको माथि हेलिप्याड पनि बनाइएको छ। रिसोर्टमा विद्यार्थी, संघ संस्थाका समुह आएमा विशेष छुटमा राख्न सकिने गुरुङले बताए।

# 'विद्यार्थीलाई सरकारी विद्यालयमा पढाऔँ'

**पोखरापत्र संवाददाता**
बागलुङ, १ बैशाख

बागलुङ नगरपालिकाका सरोकारवालाले 'विद्यार्थीलाई सरकारी विद्यालयमा पढाऔँ' अभियान थालेका छन्। उनीहरूले आगामी शैक्षिक सत्रदेखि आफ्ना बालबालिका सामुदायिक विद्यालयमा पढाउने घोषणा गरेका हुन्।

बिहीबार बागलुङ नगरपालिका-९ तित्याङमा वडा भेला आयोजना गरेर अभियानको थालनी भएको हो। भेलामा सहभागीले सामुदायिक विद्यालय बचाउन र गुणस्तर सुधारका लागि शिक्षकका बालबालिका आफ्नै विद्यालयमा पढाउनुपर्ने निर्णय गरे। पहिलो चरणमा शिक्षक र जनप्रतिनिधिका बालबालिकालाई आफ्नै सामुदायिक विद्यालयमा पढाउने र क्रमशः सार्वजनिक पदमा बसेकाका बालबालिकालाई पनि सामुदायिक विद्यालयमा ल्याउने तयारी उनीहरूको छ। वडाध्यक्ष राजु थापाले पहिला म र हामीबाटै सुरु गरेपछि सबैका बालबालिका सामुदायिक विद्यालयमा पढाउन सकिने धारणा राख्नुभयो।

उहाँले विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत र अन्य काम भए वडाध्यक्षको नाताले काम गर्ने भन्दै विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउने र गुणस्तरीय शिक्षा दिने काममा शिक्षकले थालनी गर्नुपर्ने उहाँको धारणा थियो। "मैले के काम गर्नुपर्छ गर्छु, तर शिक्षक र जनप्रतिनिधिका छोराछोरी यहीँ पढाऔँ", थापाले भन्नुभयो, "हामीले नै सदरमुकाम वा बोर्डिङमा पठाइयो भने सर्वसाधारणका छोराछोरी के भनेर भर्ना गराउने ?" वैशाख २ गतेदेखि नै बालबालिका भर्ना अभियान चल्ने भएकाले त्यसअघि आम भेला गरेर अभियान चलाउने घोषणा गरेको उहाँले बताउनुभयो। दुई साताअघि वडा शिक्षा समितिले यो निर्णय गरेर अभिभावक र सरोकारवालाको भेला गरिसकेको हो। तित्याङमा १० सामुदायिक विद्यालय छन्। बिहीबारको वडा भेलामा पुगेका उपप्रमुख राजु खड्काले शिक्षकले चाहेमा शिक्षाको गुणस्तर सुधार गर्न सक्ने भन्दै शिक्षकलाई तालिम र प्रविधि हस्तान्तरणमा नगरपालिकाले सहयोग गर्ने बताउनुभयो। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले वडा शिक्षा समितिको निर्णयको स्वागत गर्दै अब नगरपालिकालाई पनि नैतिक बाध्यता परिसकेको भन्दै अब नगरस्तरमा पनि यस्तै निर्णय हुनुपर्ने धारणा राख्नुभयो। वडाध्यक्ष राजु थापाको अध्यक्षतामा बिहिबार भएको वडा भेलामा सामाजिक विकास समितिका संयोजक ज्ञानेन्द्र गौतम, नगर शिक्षा समितिका सदस्य गोपालकुमार शर्मा, सामुदायिक विद्यालय सङ्घ गण्डकी प्रदेशका अध्यक्ष टीकाराम खड्कासहित विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, प्रधानाध्यापक र शिक्षक अभिभावक सङ्घका पदाधिकारीले वडाको निर्णयको स्वागत गर्दै सबै सरकारी कर्मचारीलाई आफ्ना बालबालिका ल्याउने वातावरण बनाउन आग्रह गर्नुभएको थियो।

प्रमुख प्रशासकीय अधिकृत सापकोटाले वैधता दिनका लागि नगरको निर्णय चाहिने भए पनि वातावरण बनाएर सामुदायिक विद्यालय जोगाउने अभियानमा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो।

शिक्षकबाट सुरु गरेको अभियान सरकारी कर्मचारी र सार्वजनिक पद धारण गरेका व्यक्तिसम्म पुऱ्याउन सकेमा बन्द हुनै लागेका विद्यालय बचाउन सकिनेसमेत सहभागीको धारणा थियो।

# पोखरामा नाटक 'उर्वशी सूक्त' मञ्चन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

पोखरामा शुक्रबारदेखि नाटक 'उर्वशी सूक्त' मञ्चन सुरु भएको छ। नारी शक्तिलाई केन्द्रमा राखेर तयार भएको नाटक पोखरा थिएटरको प्रस्तुतीमा मञ्चन भएको हो।

नाटक पोखरा थिएटरको गन्धर्व नाटकघरमा बैशाख ११ गतेसम्म मञ्चन हुनेछ। सोमबार बाहेक हरेक दिन साँझ ५ बजे मञ्चन हुने नाटकको लेखन तथा निर्देशन शिव संकल्पले गरेका हुन्। शनिबार अतिरिक्त सो दिउँसो १ बजेपनि हुनेछ। विद्यार्थीलाई लक्षित गरेर सोमबार दिउँसो २ बजे नाटक मञ्चन गरिने पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जनाए। नाटकमा दील प्रसाद गुरुङ, शिव संकल्प, रोशन आस्तिक, सुशिल बराल, रोशन पोख्रेल, रमेश बाबु तिमल्सिना, दीप्सना विश्वकर्मा, रञ्जु दाहाल, एलिजा बुढाथोकी, धनकाजी श्रेष्ठ, अनुषा परियार, प्रियंका खड्का, राजेन्द्र अधिकारी, प्रतिक घिमिरेको अभिनय हेर्न पाइन्छ। मिलन गिरी, देवेन्द्र ढकाल विवेक, खेम लामाको



प्रत्यक्ष संगीत नाटकमा रहनेछ भने यो पाटोलाई थप आर्कषक बनाउन सोनिया कार्की खत्री र पासाङ ल्यामू शेर्पाले मेहनत गरेका छन्। नाटकमा शास्त्रीय संगीत, शास्त्रीय नृत्य, केही शास्त्रीय छन्दको प्रयोग गरिएको छ। वेषभुषामा समेत सांस्कृतिक र शास्त्रीयताको समिश्रण गरेर देखाउने खोजिएको निर्देशक संकल्पले जनाए। पेशाले पोखरा विश्वविद्यालयमा प्राध्यापनरत रुचिले साहित्य, संगीत र कलाप्रेमी उनका कथा, कविता लेख र समालोचनाहरु प्रकाशित छन्। यो नाटकबाट पूर्विय र परम्परागत नाट्यशैलीको झलक दिन खोजेको उनले खुलाए। हालसम्म तीनवटा नाटक लेखेका संकल्पको मञ्चन भएको पहिलोनाटक उर्वशी सूक्त बनेको छ। उनले आफूले लेखेको यहीं नाटकबाटै निर्देशनमा समेत डेब्यु गरें। झण्डै डेढ घण्टा अवधिको नाटक हेर्न सर्वसाधरणले पाँच सय र तीन सय रुपैयाँको टिकट काट्नुपर्नेछ। विद्यार्थीले भने दुई सय रुपैयाँको टिकट काट्न सक्नेछन्। झण्डै एक महिनाको रिहर्सल पश्चात तयार भएको नाटकको पहिलो सो मञ्चन पश्चात प्राप्त दर्शकको प्रतिक्रियाले थप उत्साहित बनेका छन्।

# मौलाकाली केबलकार सञ्चालनमा

**रासस**
काठमाडौं, १ बैशाख

नयाँ वर्ष २०८० को सुरुआतसँगै नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैंडाकोटमा 'मौलाकाली केबलकार' सञ्चालनमा आएको छ।

गैंडाकोटमा रहेको ऐतिहासिक धार्मिकस्थल मौलाकालिका मन्दिर जाने यात्रुलाई लक्षित गरी निर्माण गरिएको केबलकार आजदेखि सञ्चालनमा आएको हो। नयाँवर्षको अवसर पारेर आजदेखि सेवा सुरु गरिएको मौलाकाली केबलकार व्यवस्थापन विभागका प्रमुख अभिषेक विक्रम शाहले जानकारी दिनुभयो।

केबलकारकोबटमस्टेशनबाट गैंडाकोट नगरपालिका वडा नं ६ निवासी सय वर्षीया वृद्धा सरस्वती कँडेल र टप स्टेशनबाट नवलपुरका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले पहिलो यात्रुका रूपमा यात्रा गर्नुभएको थियो।

केबलकारमा पर्ूत मौलाकाली मन्दिरसम्म पाँच मिनेटमै पुग्न सकिनेछ। करिब दुई किलोमिटर लामो केबलकारमा १२ वटा गोन्डोला रहेका छन्। हाल केबलकारले दुइतर्फी मूल्य रु पाँच सय ५० कायम गरिएको शाहले जानकारी दिनुभयो।

उहाँका अनुसार केबलकारले तीनदेखि चार फिटसम्मका बालबालिकाका लागि रु तीन सय ३०, विद्यार्थीका लागि रु चार सय १५, ज्येष्ठ नागरिकका लागि रु चार सय १५ र फरक क्षमता भएकाका लागि रु दुई सय ७५ को टिकट दर राखिएको छ। केबलकारले ८० वर्षमाथिका वृद्धवृद्धा र तीन फिटभन्दा कमका बालबालिकाका लागि निःशुल्क सेवा दिने जनाएको छ। आइएमई समूहको प्रवर्द्धनमा करिब दुई वर्षअघिदेखि निर्माण सुरु गरिएको केबलकारले आजदेखि नियमित सेवा सुरु गरेको शाहले बताउनुभयो। केबलकारको एउटा डब्बा (गोन्डुला)मा एक पटकमा आठ जना यात्रु चढ्न सक्ने व्यवस्था रहेको भन्दै शाहले केबलकारबाट पाँच मिनेटमा मन्दिर पुगिने बताउनुभयो। "नेपालमा भित्रिएको सबैभन्दा अत्याधुनिक प्रविधियुक्त केबलकार भएकाले यात्रुहरू पूर्णरूपमा सुरक्षित रहनुहुनेछ", उहाँले भन्नुभयो, "अहिले हामीले बिहान ६ बजेबाट केबलकार चलाउँछौँ, आवश्यकताअनुसार चौबीसै घण्टा सञ्चालन गर्न सकिन्छ।" केबलकारको बटम स्टेशनबाट अपर स्टेशनसम्म एक हजार दुई सय मिटर दूरीमा छवटा टावर निर्माण गरिएको शाहले बताउनुभयो। यात्रु बोक्ने १२ वटा डब्बा (गोन्डुला, एउटा सामान बोक्ने तथा अर्को सर्भिसिङ डब्बा राखिएको उहाँको भनाइ छ। एउटा गोन्डुलामा एक पटकमा आठ जना यात्रु अटाउने क्षमता छ।

आईएमई समूहको ५१ प्रतिशत र स्थानीयको ४९ प्रतिशत लगानी रहने गरी स्थापना गरिएको केबलकार गैंडाकोट-१ धारापानीबाट चढ्ने र मन्दिर नजिक ओर्लने स्टेशन राखिएको छ। माथिल्लो स्टेशनसँगै ६० कोठा रहने गरी चार तारे होटल निर्माणको काम तीव्ररूपमा अगाडि बढेको पनि शाहले जानकारी दिनुभयो। केबलकारको निर्माण अष्ट्रियन कम्पनीले गरेको हो।

सञ्चालनको पहिलो दिननै पाँच हजारभन्दा बढी यात्रुले केबलकारको सेवा लिएका शाहको भनाइ छ। नयाँ वर्षको अवसर पारेर आजदेखि सञ्चालन गरिएको केबलकारको उद्‌घाटन भने केही दिनपछि गरिने शाहको भनाइ छ।

# शिक्षक संघको केन्द्रीय अध्यक्षमा गिरी

**रासस**
काठमाडौं, १ बैशाख

नेपाली कांग्रेस निकट नेपाल शिक्षक सङ्घको केन्द्रीय अध्यक्षमा सोमनाथ गिरी निर्वाचित हुनुभएको छ।

सङ्घको नवौँ महाधिवेशनको शुक्रबार सम्पन्न मतगणनामा गिरीले अर्का अध्यक्षका उम्मेदवार गोकर्णबहादुर बानियाँलाई सात मतले पराजित गर्दै विजयी हुनुभएको हो। अध्यक्ष गिरीले तीन सय पाँच मत प्राप्त गर्नुभयो भने अर्का उम्मेदवार बानियाँले दुई सय ९८ मत प्राप्त गर्नुभएको प्रमुख निर्वाचन अधिकृत दीपकलाल खतिवडाले जानकारी दिनुभयो। वरिष्ठ उपाध्यक्षमा इलमबहादुर शाही, महिला उपाध्यक्षमा धना भण्डारी, कोशी प्रदेश उपाध्यक्षमा वीरेन्द्रकुमार खड्का, मधेश प्रदेश उपाध्यक्षमा छोटेलालप्रसाद साह, बागमती प्रदेश उपाध्यक्षमा सुन्दर पन्त, गण्डकी प्रदेश उपाध्यक्षमा लक्ष्मीप्रसाद रेग्मी, लुम्बिनी उपाध्यक्षमा प्रेमप्रसाद भण्डारी, कर्णाली उपाध्यक्षमा भगवती श्रेष्ठ र सुदूरपश्चिम उपाध्यक्षमा खड्कबहादुर खड्का विजयी हुनुभएको छ। महासचिवमा ज्ञानेन्द्रबहादुर रावल, महासचिव अर्थमा निर्मला कोइराला, उपमहासचिवमा नारायणप्रसाद तिमल्सिना, उपमहासचिव महिलामा गीता शिवाकोटी, उपमहासचिव अर्थमा प्रेमप्रसाद पौडेल, उपमहामहासचिव मधेशमा तीर्थराजप्रसाद यादव, उपमहासचिव समावेशीमा सीतादेवी थापा र उपमहासचिव कर्णालीमा कालीबहादुर शाही विजयी हुनुभएको छ।

# म्हाँजु क्ह्वोंगि लामा भाइ खलक शुभकामना आदानप्रदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १ बैशाख

म्हाँजु क्ह्वोंगी लामा भाइ खलकले नयाँ वर्ष २०८० सालको अवसरमा शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

पोखरा ८ बगालेटोल स्थित सोंपाल तमु समाजमा शुक्रबार शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको हो। सोही अवसरमा अमेरिकाको टस्कगी विश्वविद्यालयका प्राध्यापक, पशु विज्ञान बैज्ञानिक विशेषज्ञ, गण्डकी विश्व विद्यालयका सल्लाहकार तथा म्हाँझु भञ्ज्याङ्ग गेटको परिकल्पनाकार समेत रहेका डा. नरकाजी गुरुङलाई सम्मान समेत गरिएको छ। सामाजिक कार्यमा योगदान पुऱ्याएको भन्दै उनलाई सम्मान गरिएको हो।

सम्मानित हुँदै प्रोफेसर डा. गुरुङले आफ्नो गाउँको विकासका लागि सबै एक हुन आवश्यक रहेको बताए।

यस्तै म्हाँजु क्ह्वोंगी लामा परिवारका अध्यक्ष क्षेत्रबहादुर गुरुङले गाउँ विकासका लागि आफुहरु एक भएर लाग्ने बताए।

कार्यक्रममा द्रोपती गुरुङ, राष्ट्रिय फुटबल प्रशिक्षक क्याप्टेन दिलकाजी गुरुङ, समाजसेवी धन बहादुर गुरुङ लगायतले आफ्नो धारणा राखेका थिए। उनीहरुले गाउँको विकाससँगै सांस्कृतिक पहिचान दिनेगरी अघि बढ्नुपर्नेमा जोड दिए। कार्यक्रम संचालन सूर्यमान गुरुङले गरेका थिए।